## Ⅲ-3 पानी आपूर्ति

समान्यतया जापानमा घरको धाराको पानी पिउन सक्नुहुन्छ । बसाई सरेको ठाउँमा पानीको उपयोग गर्न, बसाई सरेको ठाउँ को पानी कार्यलयमा आवेदन दिनु पर्छ ।

### 1. आवेदन

तपाईंको घरको प्रवेश द्वारमा एउटा कार्ड हुन्छ । त्यो कार्डमा "प्रयोगकर्ता नम्बर" को साथ नगरपालिकाको पानी विभाग (ब्यूरो) को सम्पर्क पनि दिएको छ । त्यहाँ सम्पर्क गरेपछि स्टाफ सदस्य आएर पानी खोल्छन् । अवस्था हेरी सुचारु गर्न ४ दिन सम्मपनि लाग्न सक्दछ, त्यसैले छिटै आवेदन दिनुहोस्। स्तरिय र भाडाका घरहरूमा व्यवस्थापन संघहरू र घरमालिकहरूले खानेपानीको प्रबन्ध गर्छन् र प्रक्रियाहरू अघि बढ्छन् । यो गर्ने ठाउँ पनि छ ।

### 2. शुल्क

पानीको प्रयोग गरेपछि प्राय: दुई महिनामा एक पटक शुल्क तिर्न बिल पठाइन्छ, वा घर अनुसार दुई महिनाको पानी शुल्क कायम गरिन्छ । बैंक, वित्तीय संस्था, कन्भिनी स्टोर आदि मार्फत पानीको भुक्तानीका गर्न सक्नुहुनेछ। भुक्तानी ढिला भयो भने पानीको आपूर्ति रोकिने भएकोले सावधानिका साथ सचेत रहनुहोस् ।

### 3. पानीका पाइप जम्ने समस्या

जाडोको चिसो दिनमा पानीका पाइपहरूमा पानी जमेर पाइप फुट्न सक्छन् । रातीमा पानीको मात्रा चलायमान बनाउन थोरै पानी चलाउने जस्ता उपायहरू लिन आवश्यक पनि हुनसक्छ । त्येसैले पानी जमेर पाइप फुट्न नदिन, थोरै पानी चलाई रहन आवश्यक पनि हुनसक्छ ।